आकाशवाणी समाचार

December 25th, 2025 Thursday

प्रमुख समाचार:

1) प्रधानमन्त्री नरेंद्र मोदीद्वारा आज लखनौमा राष्ट्रीय प्रेरणा स्थलको उद्घाटन

2) राष्ट्रपति द्रौपदी मुर्मूद्वारा संथाली भाषामा संविधान जारी

3) गृह मन्त्रीद्वारा ग्वालीयरमा २ लाख करोड रुपैयाँभन्दा बढी मूल्यका परियोजनाहरूको शिलान्यास तथा उद्घाटन

4) आज विश्वभर प्रभु ईशा मसीह को जन्म दिन Christmas हर्षोल्लास का साथ मनाईदै

1) प्रधान मन्त्रीको – लखनौ कार्यक्रम

प्रधानमन्त्री नरेंद्र मोदीले आज लखनौमा भारत रत्न अटल विहारी वाजपेईको जन्म जयंतीको अवसरमा राष्ट्रीय प्रेरणा स्थलको उद्घाटन गर्नुभयो I जुन स्वतन्त्र भारतका महान नेताहरूको विरासतलाई सम्मानित गर्नका लागि निर्मित गरिएको हो। यस अवसरमा बोल्दै, उहाँले भन्नुभयो सरकार विगत ११ वर्षदेखि समाजका हरेक नागरिकको कल्याणका लागि काम गरिरहेको छ र कुनै भेदभाव बिना योजनाहरूको लाभ दिइरहेको छ , भारत रत्न पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेयीलाई स्मरण गर्दै, अटल जी ले देशको विकासलाई परिवर्तन गर्ने धेरै पहलहरू सुरु गर्नु भएको उल्लेख गर्नु भयो, यसमा विशेष गरी प्रधानमन्त्री ग्राम सड़क योजनाको देश विकाशम उल्लेखनिय भूमिका रहेको बताउनु भएको छ ।

नव निर्मित राष्ट्रीय प्रेरणा स्थलमा एक आधुनिक संग्रहालय छ, जुन लगभग ९८ हजार वर्ग फुटमा फैलिएको छ, जसले भारतको राष्ट्रिय यात्रा र नेताहरूको योगदानलाई दर्शाउँछ , यस अवसरमा रक्षा मन्त्री राज नाथ सिंह, साथै उत्तर प्रदेश का मुख्य मन्त्री योगी आदित्य नाथ को पनि उपस्थिति थियो

2) प्रधान मन्त्रीद्वारा – संसद खेल महोत्सव सम्बोधन

प्रधानमन्त्री नरेन्द्र मोदीले संसद खेल महोत्सव मार्फत देशभरी हजारौं प्रतिभाशाली खेलाडीहरू उदय भइरहेको बताउनुभएको छ। आज भर्चुअल माध्यमबाट संसद खेल महोत्सवलाई सम्बोधन गर्दै श्री मोदीले यसको सीमा र प्रभाव उल्लेखनीय रूपमा विस्तार भएको उल्लेख गर्नु भयो । उहाँले खेल महोत्सव युवा विकास मार्फत राष्ट्र निर्माणको बलियो स्तम्भ बन्दै गएको बताउनुभयो । प्रधानमन्त्रीले यस्ता खेलकुद कार्यक्रमहरूले जित्ने वा पराजय हुने भन्दा बड़ी युवाहरूमा खेलकुद भावनाको विकासमा योगदान पुर्‍याउने बताउँदै सक्षम र अनुशासित युवाहरूले नै राष्ट्र निर्माणमा योगदान पुर्याउनेछन भन्नुभयो श्री मोदीले भन्नुभयो भारतले २०३० मा अहमदाबादमा राष्ट्रमंडल खेलकुद आयोजना गर्नेछ, सम्पूर्ण विश्वले भारततर्फ हेर्ने साथै युवा खेलाडीहरूका लागि यो एक महत्वपूर्ण अवसर हुनेछ I

3) राष्ट्रपति द्वारा – संथाली संविधान जारी

राष्ट्रपति द्रौपदी मुर्मूले आज नयाँ दिल्लीमा राष्ट्रपति भवनमा आयोजित एउटा कार्यक्रममा संथाली भाषामा संविधान जारी गर्नुभयो। यस संदर्व मा श्रीमती मुर्मूले भन्नुभयो, "सबै संथाली जनताका लागि यो गर्व र खुशीको क्षण हो , संविधान अब उनिहरुको आफ्नै भाषामा उपलब्ध छ, यसले संथाली समुदायलाई आफ्नो भाषामा संविधान पढ्न र बुझ्न सक्षम बनाउँदछ, साथै संविधानिक मूल्य र अधिकारहरूको बारेमा उनीहरूको ज्ञान बढाउँनेछ,

संथाली भाषा भारतका सबैभन्दा पुराना जीवित भाषाहरू मध्ये एक हो र 2003 को 92 औं संविधान संशोधन ऐनमार्फत संविधानको आठौं अनुसूचीमा समावेश गरिएको थियो। यो भाषा झारखंड, ओडिशा, पश्चिम बंगाल र बिहारमा ठूलो संख्यामा आदिवासी जनसंख्याले बोल्दछन । यस अवसरमा उपराष्ट्रपति सी पी राधाकृष्णन र केन्द्रीय कानून तथा न्याय राज्यमन्त्री अर्जुन राम मेघवाल पनि उपस्थित हुनुहुन्थ्यो

अमित शाह

4 ) पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेयीको जन्मजयन्तीको अवसरमा ग्वालियरमा अभ्युदय मध्य प्रदेश विकास शिखर सम्मेलन आयोजना गरिएको थियो। शिखर सम्मेलनलाई सम्बोधन गर्दै केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले मध्य प्रदेश सरकारको विकास पहल र सुशासन प्रयासको प्रशंसा गर्नुभयो , यस अवसरमा २ लाख करोड रुपैयाँभन्दा बढी मूल्यका परियोजनाहरूको शिलान्यास एवं उद्घाटन गर्नुभयो । साथै, प्रत्यक्ष लाभ हस्तान्तरण मार्फत औद्योगिक ईकाइहरूलाई ७२५ करोड रुपैयाँको प्रोत्साहन रकम हस्तान्तरण गरियो।

5) मुंबई हवाई अड्डा अन्तराष्ट्रिय सेवा शुरू

नवी मुम्बई अन्तर्राष्ट्रिय हवाई अड्डाले आजदेखि वाणिज्यिक उडानहरू सुरु गरेको छ! बेंगलुरुबाट उडेको पहिलो विमान आज बिहान ८ बजे यहाँ अवतरण भयो, जसको स्वागत पानी फ़ोहोरा को सलामी द्वारा स्वागत गरियो। त्यस पछि , पहिलो उडान हैदराबादका लागि बिहान ८:४५ बजे प्रस्थान भयो। यहाँबाट देशभरका नौ गन्तव्यहरूमा उडान सेवाहरू सुरु गरेको छ। प्रारम्भिक चरणमा, यसको परिचालन १२ घण्टाको अवधि सम्म सीमित रहनेछ, जसमा बिहान आठ बजे देखि रात आठ बजे सम्म उडानहरू संचालित हुनेछन्, नागरिक उड्डयन मन्त्री किनजरापु राम मोहन नायडू ले एउटा सोशल मीडिया पोस्ट द्वारा यो सेवा सुरु भएकोमा बधाई दिनु भएको छ

6) आज विश्वभरी प्रभु ईशा मसीह को जन्मदिन -क्रिसमस- बड़ो हर्षोल्लासहका साथ मनाईदैछ। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मू , उप राष्ट्रपति सी पी राधाकृष्णन , र् प्रधानमन्त्री नरेंद्र मोदीले देशवासीहरुलाई शुभकामना व्यक्त गर्नुभएको छ , यसरी नै अवसरमा दिल्ली का उप राज्यपाल विनय कुमार सक्सेना , र् मुख्य मन्त्री रेखा गुप्ताले पनि शुभकामना दिनु भएको छ ,

महिला क्रिकेटमा भारत र् श्रीलंका बीच तेश्रो टी-ट्वेंटी मुकाबला भोली साँझ सात बजे देखि तिरुवनंतपुरममा खेलिनेछ । दोश्रो मैच मा भारत ले श्रीलंकालाई सात विकेट ले पराजित गरेको थियो , पांच मैचहरुको श्रृंखलामा भारत दुई- शून्यले अघाडी छ ।

प्रमुख समाचार पुन: एकपटक

1) प्रधानमन्त्री नरेंद्र मोदीद्वारा आज लखनौमा राष्ट्रीय प्रेरणा स्थलको उद्घाटन

2) राष्ट्रपति द्रौपदी मुर्मूद्वारा संथाली भाषामा संविधान जारी

3) गृह मन्त्रीद्वारा ग्वालीयरमा २ लाख करोड रुपैयाँभन्दा बढी मूल्यका परियोजनाहरूको शिलान्यास तथा उद्घाटन

4) आज विश्वभर प्रभु ईशा मसीह को जन्म दिन Christmas हर्षोल्लास का साथ मनाईदै